इमेल –*likhupikerm@gmail.com*

# लिखुपिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौलाखर्क, सोलुखुम्बु
## कोशी प्रदेश, नेपाल

## सेवा करारमा लिनेसम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८० चैत्र ८**

यस गाउँपालिकाको मिति २०८० चैत्र ७ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार लिखुपिके गाउँपालिकाअन्तर्गत सूचना प्रविधि शाखामा रिक्त रहेको सूचना अधिकृत पदमा करार सेवाका माध्यमबाट पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनहुन तपशील वमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छः

तपशील

विज्ञापन नम्बर ०७-२०८०/०८१

| क.सं. | पद | तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौं वा सो सरह | १ | |

१. नेपाली नागरिक हुनु पर्ने
२. **न्यूनता शैक्षिक योग्यताः**
   - लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer Information Communication Technologies वा सो सरहका विषयहरुमध्ये एक विषय लिई स्नातक (BIM, BIT, BBIS, BCIS, BCA, BEIT, CSIT, BE Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको हुनु पर्ने
३. **कार्य बिबरणः** प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को शर्त वमोजिम हुनेछ।
४. **छनोटसम्बन्धी व्यवस्थाः** संक्षिप्त सूची, प्रयोगात्मक परिक्षा, लिखित र अन्तवार्ता परीक्षा सञ्चालन गरिने छ।
५. **दरखास्त दिने अन्तिम मितिः** २०८० चैत्र २२ गते
६. **उमेरः** महिलाको हकमा <u>२१ वर्ष पूरा भई ४० वर्ष</u> ननाघेको र पुरुषको हकमा <u>२१ वर्ष पूरा भई ३५ वर्ष</u> ननाघेको।
७. करार अवधिः नियमानुसार
८. सेवा सुविधाः नेपाल सरकारले तोके वमोजिम हुने छ।
९. **दरखास्त दस्तुरः** रु. १०००।
१०. दरखास्त फारम कार्यालय समयभित्र कार्यालयबाट लिन सकिने छ । साथै कार्यालयको वेभसाइट www.likhupikemun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।
११. **निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु**
   - दरखास्त फारम।
   - बायोडाटा र दुईप्रति पासपोर्ट साइजको फोटो।
   - माथि उल्लेखित सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु।
   - नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
   - कार्यअनुभव खुल्ने कागजातहरु।
   - बिदेशको विद्यालयबाट जारी गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र भएको नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र उम्मेद्वारले दस्तखत गरी प्रमाणित गरेर पेश गर्नु पर्नेछ।

**पुनश्चः** कार्यालय समयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखुपिके गाउँपालिकाको नाममा सिटिजन्स बैंङ्कमा रहेको आन्तरिक राजश्व खाता *(LIKHU PIKE GA.PA. ANTARIK RAJASWA KHATA) नं.* ०७२०१०००००००१२०२ मा तोकिएको राजश्व तिरेको रसिदलगायत अन्य आवश्यक सम्पूर्ण कागजातसहित कार्यालयको ईमेल ठेगाना *likhupikerm@gmail.com* मा समेत पठाउन सकिनेछ। सथै परीक्षामा समेल हुन आउँदा सम्पूर्ण कागजातको सक्कलप्रति समेत लिई अउनु पर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

इमेल –*likhupikerm@gmail.com*

# लिखुपिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौलाखर्क, सोलुखुम्बु
### कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या (क.प्र.) :२०८०/०८१ मिति (Date) : २०८० चैत्र ९

च. नं.(Ref.No.) :

## सूचना सच्याइएको बारे

प्रस्तुत विषयमा गाउँपालिकामा रिक्त रहेको सूचना प्रविधि अधिकृतको पदपूर्तीका लागि प्रकाशन गरिएको विज्ञापनमा पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

..............

प्रमुख प्रशासकीय अधिकृत

काजीमान राई

प्रमुख प्रशासकीय अधिकृत

इमेल –*likhupikerm@gmail.com*

# लिखुपिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौलाखर्क, सोलुखुम्बु
## कोशी प्रदेश, नेपाल

## सेवा करारमा लिनेसम्बन्धी सूचना
### प्रथम पटक सूचना प्रकाशन मितिः २०८० चैत्र १३

यस गाउँपालिकाको निर्णयानुसार लिखुपिके गाउँपालिकाअन्तर्गत तपशील बमोजिम रिक्त रहेको पदमा करार सेवाका माध्यमबाट पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ:

तपशील

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | माग सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०८-२०८०/०८१ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं वा सो सरह | १ |
| २. | ०९-२०८०/०८१ | डेण्डल हाइजनिष्ट | सहायकस्तर पाँचौ वा सो सरह | १ |
| २. | १०-२०८०/०८१ | अ.न.मी. | सहायकस्तर चौथो वा सो सरह (SBA) | १ |

१. नेपाली नागरिक हुनु पर्ने
२. न्यूनता शैक्षिक योग्यता:

- **मेडिकल अधिकृतको हकमा-** लोक सेवा आयोगले लिने मेडिकल अधिकृत पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एम्.बी.बी. एस्. वा सो सरह उर्त्तीण भएको र मेडिकल काउन्सिलमा दर्ता भई स्थायी प्रमाण पत्र प्राप्त गरेको ।
- **डेण्टल हाइजनिष्टको हकमा-** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट डिप्लोमा तह डेन्टल हाइजनिष्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रसहितका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु ।
- **अ.न.मी.को हकमा-** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रसहितका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु र SBA तालिम लिएको तालिमको प्रमाणपत्रसमते संलग्न गर्नु पर्नेछ ।

३. **कार्य विवरण:** तोकिएको पदले गर्नु पर्ने कार्य गर्नु पर्ने छ ।
४. **छनोटसम्बन्धी व्यवस्था:** संक्षिप्त सूची, शैक्षिक योग्यता, आवश्यकताअनुसार प्रयोगात्मक परिक्षा, अन्तवार्ता परीक्षा सञ्चालन गरिने छ ।
५. **दरखास्त दिने अन्तिम मिति:** २०८० चैत्र २७ गते
६. **उमेर:** **मेडिकल अधिकृतकाको हकमा-** महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
   **अ.न.मी. चौथोको हकमा** -महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
   **अ.न.मी. चौथोको हकमा** -महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
७. **करार अवधि:** नियमानुसार
८. **सेवा सुविधा:** डेन्टल हाइजनिष्ट र अ.न.मी.को हकमा नेपाल सरकारले र मेडिकल अधिकृतको हकमा गाउँपालिकाले तोके बमोजिम हुने छ ।
९. **दरखास्त दस्तुर:** अधिकृतस्तर तहको लागि रु. १०००। र सहायकस्तर पाँचौको लागि रु. ८००। र चौथोको लागि रु. ५००।
१०. दरखास्त फारम कार्यालय समयभित्र कार्यालयबाट लिन सकिने छ । साथै कार्यालयको वेभसाइट www.likhupikemun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।
११. परीक्षा मिति: पछि प्रकाशित गरिने छ ।
११. **निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु**
   - दरखास्त फारम ।
   - बायोडाटा र दुईप्रति पासपोर्ट साइजको फोटो ।
   - माथि उल्लेखित सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु ।
   - नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
   - कार्यअनुभव खुल्ने कागजातहरु ।
   - विदेशको विद्यालयबाट जारी गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र भएको नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र उम्मेद्वारले दस्तखत गरी प्रमाणित गरेर पेश गर्नु पर्नेछ ।

१२. कर्मचारी भर्ना छनौटसम्बन्धी अन्य व्यवस्था ***लिखुपिके गाउँपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ (पहिलो संशोधन)*** बमोजिम हुने छ ।

**पुनश्च:** कार्यालय समयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखुपिके गाउँपालिकाको नाममा सिटिजन्स बैंङ्कमा रहेको आन्तरिक राजश्व खाता *(LIKHU PIKE GA.PA. ANTARIK RAJASWA KHATA)* नं. ०७२०१००००००१२०२ मा तोकिएको राजश्व तिरेको रसिदलगायत अन्य आवश्यक सम्पूर्ण कागजातसहित कार्यालयको ईमेल ठेगाना *likhupikerm@gmail.com* मा समेत पठाउन सकिनेछ । सथै परीक्षामा समेल हुन आउँदा सम्पूर्ण कागजातको सक्कलप्रति समेत लिई अउनु पर्ने छ ।